( एघारौं बैठक )

आज मिति २०८२ वैशाख ३० गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा
२. सदस्य : श्री दिछेन शेर्पा
३. सदस्य : श्री साङवु लामा
४. सदस्य : श्री कुमार श्रेष्ठ
५. सदस्य : श्री निमा सोना शेर्पा
६. सदस्य : श्री टासी शर्पा
७. सदस्य : श्री दावा त्यम्वा तामाङ
८. सदस्य : श्री आङ छिरिङ शेर्पा
९. सदस्य : श्री वच्चु धतानी
१०. सदस्य : श्री जमुना थामी
११. सदस्य : श्री पम्फा वि.क.
१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते
१३. सदस्य : श्री निमि शेर्पा
१४. सदस्य सचिव : श्री दीपक दाहाल (प्र.प्र.अ)

आमन्त्रित/सहयोगी कर्मचारीहरु :

- श्री गंगाःसागर पौडेल, सूचना प्रविधि अधिकृत
- श्री कृष्ण प्रसाद कंडेल, सहायक पाँचौ
- श्री सपना कार्की, का.स.

श्री [illegible] [illegible]
श्री शिवराम रेग्मी [illegible]
श्री विकास [illegible] [illegible] विकास
श्री अनिशा अधिकारी

**प्रस्तावहरु**

१) राय सुझाव संकलन सम्बन्धमा।

२) योजना अनुगमन प्रतिवेदन सम्बन्धमा।

३) आयव्यय विवरण सम्बन्धमा।

४) संरचना निर्माणको लागि जग्गा प्राप्तिको सहमति सम्बन्धमा।

५) झ्यालेभिर त्याङथली अन्थली सडक स्तरोनन्ती तथा मर्मत कार्य सम्बन्धमा।

६) ठेक्काको म्याद थप सम्बन्धमा।

७) रकामान्तर सम्बन्धमा।

८) भोटेकोशी कबर्ड हल निर्माणको संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची TOR स्वीकृत सम्बन्धमा।

९) राजस्व परामर्श समितिको प्रस्ताव तथा निर्णय छलफल सम्बन्धमा।

१०) योजनाको म्याद थप सम्बन्धमा।

११) सफ्टवेयर पुन: संचालन सम्बन्धमा।

१२) भुक्तानी सम्बन्धमा।

१३) आधारभूत अस्पतालको लागि पावर ब्याकअप जडान सम्बन्धमा।

१४) दररेट कायम सम्बन्धमा।

१५) भोटेकोशी गाउँपालिकाको क्षमता विकास योजना निर्माण सहमति सम्बन्धमा।

१६) भोटेकोशी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्माण सहमति सम्बन्धमा।

१७) एक वडा एक कृषि उत्पादन कार्यक्रमको लागि वडा छनौट समबन्धमा।

१८) विविध।



Scanned with CamScanner

निर्णयहरु

१) आगामी आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम एवं बजेट निर्माण गर्ने चरणमा हालको समय रहेको हुँदा सो सम्बन्धी आवश्यक राय तथा सुझाव संकलन गर्न सम्पुर्ण नागरिक समाज, सहकारी तथा गैर-सरकारी संघसंस्था, राजनैतिक दल, बुद्धिजीवी, पेशा व्यवसायी, पत्रकार, बाल क्लब, यूवा क्लब, आमा समुह एवंम आम नागरिक लगायत सम्पूर्ण सरोकारवालाहरुलाई मिति २०८२ जेष्ठ ९ गते शुक्रबारका दिन राय/सुझाव कार्यक्रममा उपस्थितीको लागि पत्राचार तथा सूचना प्रकाशन गर्ने साथै राय/सुझावको लागि अनलाइन फाराम समेत प्रकाशन गर्ने निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाबाट स्वीकृत भएका विभिन्न वडाहरुमा सन्चालित योजनाहरुको यस गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन हुँदा देहायको विवरण पाइयो।

| क्र.स | योजनाको नाम | वडा न | रकम | अवस्था र सुझाव |
|---|---|---|---|---|
| १. | सोताङ गुम्बा संरक्षण | १ | ४ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २. | घट्टेखोला-छयाङसिङ गोरेटो बाटो मर्मत | १ | ७ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ३. | काङलाङ पुम्ती सडक पहिरो नियन्त्रण | १ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ४ | धारापानी गुम्बा किचेन वाल व्यवस्थापन | १ | ६ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ५ | गुम्बा दलित बस्ति समाज घर | १ | ७ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ६ | धारापानी गणेश मन्दिर निर्माण | १ | ३ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १८ | गोल्ची छ्योर्तेन रंगरोगन तथा स्तरोन्नती | ५ | ६ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| १९ | विक टोल चर्च भवन निर्माण | ५ | ५ लाख | निर्माण कार्य हुदै |
| २० | टापु बल्मुसिङ गोरेटो बाटो निर्माण | ५ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २१ | पाठाङ कृषक सामुदायिक भवन | ५ | १० लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २२ | थामी गाउ डात्तोला देखी स्कुल डाँडा हुदै गोरेटो बाटो निर्माण | ४ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २३ | सुनखानी हुदै नाराणयथान जाने गोरेटो बाटो निर्माण | ४ | ४ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २४ | बोलङ्से खानेपानी व्यवस्थापन | ४ | ३ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २५ | हिन्दी देखी पन्थली जाने गोरेटो बाटो | ४ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २६ | खिरखिरे देखी साङछोलिङ जाने मोटर बाटो स्तरोन्नती | ४ | ६ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २७ | चाकु गुम्बा | ४ | ८ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| २८ | कोदारी बजार संरक्षण | २ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २८ | कोदारी गुरुङ बस्ती गोरेटो बाटो | २ | ५ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |
| ३० | देवीस्थान खोल्सा गोरेटो बाटो (रोजगार मुलक आयोजना) | २ | १०.०१२ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनपर्ने |

३) चालु आ.व २०८१/०८२ को बैशाख २९ गते सम्मको आयव्यय विवरण माथि छलफल गरियो।

जम्मा आय - ४८,६५,३९,१९६.७१

चालु खर्च - ५२.६४ %

पुँजीगत खर्च - ३६ %

४) क)यस भोटेकोशी गाउँपालिका अन्तर्गत पर्ने ऐतिहासिक एवं पर्यटकीय स्थल भैरवकुण्ड जाने बाटोमा पर्ने चोकरमोकरमा होमस्टे (भैरवकुण्ड भिलेज) निर्माण तथा आवास व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न गाउँपालिकाले योजना अगाडी सारी बोलपत्र आह्वान समेत भैसकेको हुँदा उक्त चोकरमोकर अन्तर्गतका साविक देखि नै नापनक्सा नभएको सार्वजनिक जग्गामा उक्त संरचना निर्माण गर्नको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सरकारी जग्गा दर्ता, उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ को दफा ४ उपदफा १ (ग) बमोजिम स्थानीय तहको हकमा कार्यपालिकाको निर्णय सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरेमा नेपाल सरकारको नाममा रहेको कुनै सरकारी जग्गा अर्को सरकारी निकायलाई आवश्यक भएमा उपयोगको लागि दिन सकिनेछ भन्ने व्यवस्था भएको हुँदा उक्त जग्गा यस गाउँपालिकाले प्रयोग गर्न भोगाधिकारको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस सहित पत्र पठाउने निर्णय गरियो।



Scanned with CamScanner

ख) यस भोटेकोशी गाउँपालिका वडा नं ४ अन्तर्गत पर्ने श्रीचौर खेलमैदान तयार गरिएको र उक्त चौर वरिपरीका जग्गामा कबर्ड हल निर्माण तथा व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न गाउँपालिकाले योजना अगाडी सारी बोलपत्र आह्वान समेत भैसकेको हुँदा उक्त सार्वजनिक जग्गा अन्तर्गतका साविक देखि नै नापनक्सा नभएको सार्वजनिक जग्गामा सो संरचना निर्माण गर्नको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सरकारी जग्गा दर्ता, उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ को दफा ४ उपदफा १ (ग) बमोजिम स्थानीय तहको हकमा कार्यपालिकाको निर्णय सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरेमा नेपाल सरकारको नाममा रहेको कुनै सरकारी जग्गा अर्को सरकारी निकायलाई आवश्यक भएमा उपयोगको लागि दिन सकिनेछ भन्ने व्यवस्था भएको हुँदा उक्त जग्गा यस गाउँपालिकाले प्रयोग गर्न भोगाधिकारको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस सहित पत्र पठाउने निर्णय गरियो ।

ग) यस भोटेकोशी गाउँपालिका वडा नं ५ अन्तर्गतको मार्मिङ सामुदायिक भवन लगायत यस गाउँपालिकामा अन्य सरकारी जग्गामा बनेको संरचनाहरुको लागि साविक देखि नै नापनक्सा नभएको सार्वजनिक जग्गामा नक्साको आधारमा सार्वजनिक जग्गामा सो संरचना निर्माण गर्नको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सरकारी जग्गा दर्ता, उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ को दफा ४ उपदफा १ (ग) बमोजिम स्थानीय तहको हकमा कार्यपालिकाको निर्णय सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरेमा नेपाल सरकारको नाममा रहेको कुनै सरकारी जग्गा अर्को सरकारी निकायलाई आवश्यक भएमा उपयोगको लागि दिन सकिनेछ भन्ने व्यवस्था भएको हुँदा उक्त जग्गा यस गाउँपालिकाले प्रयोग गर्न भोगाधिकारको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस सहित पत्र पठाउने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा भोटेकोशी गाँउपालिका र अग्रगामी निर्माण सेवा, मध्यपुर भक्तपुर बिच Jhyalebhir Tyangthali Anthali road Upgrading & Maintenence (Contract ID-BRM/WORKS/02/080/081) कार्यका लागि मिति २०८०/११/०६ मा ठेक्का सम्झौता भएको खरिद सम्झौतामा उक्त काम २०८१/१२/०६ गते सम्म सम्पन्न गर्न पर्ने पनि उल्लेख भएको र कार्य संञ्चालनको लागि मिति २०८०/११/०६ मा १० लाख पेश्की

NIM

Scanned with CamScanner

समेत उपलब्ध गराइएकोमा गाउँकार्यपालिकाबाट जफत गरिएकोमा, म्याद समाप्त भइसक्दा समेत कार्य सुचारु गरी सम्पन्न गर्ने तर्फ कुनैपनि चासो नदेखिएको, साथै यस कार्यालयको मिति २०८१/०८/१६ गतेको च नं १०२० र मिति २०८१/१०/०३ गतेको च नं १३३२ को पत्रले काम सुचारु गर्न ताकेता गर्दा समेत अटेर गरेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ उपदफा २(क) बमोजिम कार्यसम्पादन नगरेको, पेश्कीको दुरुप्रयोग गरेको ,सोही दफाको उपदफा ७ मा बमोजिम सम्झौता बमोजिम काम सुरु नगरेको हुँदा, खरिद सम्झौता अन्त्य गर्ने प्रयोजनार्थ उक्त बोलपत्रदातालाई सम्झौता अन्त्य गरी कारबाही प्रकृया अगाडि बढाउनु नपर्ने ठोस कारण भएमा प्रमाण सहित उपस्थित हुँन १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस भोटेकोशी गाउँपालिकासँग बोलपत्र सम्झौता भइ कार्यान्वयन भई रहेका तपशिल योजनाहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० उपनियम ५ बमोजिम तपशिल म्याद थप गर्ने निर्णय गरियो।

तपशिल

| क्र.स. | योजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | योजनाको भौतिक प्रगती | म्याद थप |
|---|---|---|---|---|
| १. | Daklang Dharapani Gumba road Upgrading & maintenance | गोकर्णश्वर बाबा कन्स्णट्क्सन एण्ड सप्लायर्स,टेकु | ९९% | २०८२/०२/३० सम्म |
| २. | Daklang Listi Bhairavkunda road Upgrading & maintenance | वि.एस.आरोन -आर्की जेभी, सिन्धुपाल्चोक | ९८% | |

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको चौधौ गाउँसभाबाट स्वीकृत विनियोजन ऐनका देहाय पुँजीगत शिर्षकहरुलाइ स्थनीय सरकार संचालन ऐनको दफा ७९ बमोजिम देहाय पुजीगत शिर्षकमा रकामान्तर गर्ने निर्णय गरियो।

तपशिल

NIM



Scanned with CamScanner

| क्र.स. | चौधौ गाउँसभाबाट स्वीकृत भएका | | रकामान्तर भइ कायम हुने शिर्षक | | कैफियत |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | शिर्षक | रकम | |
| १ | कोदारी भ्यूप्वाइन्ट निर्माण | १२००००० | कोदारी भ्यूप्वाइन्ट निर्माण | १०००००० | |
| २ | तामाङ्ग गाउँ सामुदायिक भवन किचन निर्माण | ६००००० | तामाङ्ग गाउँ सामुदायिक भवन किचन निर्माण | ८००००० | कोदारी भ्यूपोईन्ट निर्माणमा वाँकी रहेको रु २०००००। |
| | **जम्मा** | १८००००० | | १८००००० | |

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको वडा न ४ को श्रीचौरमा भोटेकोशी कबर्ड हल निर्माणको लागि भोटेकोशी गाँउपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०८० को दफा ४ को उपदफा १ बमोजिम अनुसूची-४ को ढाँचा अवलम्वन गरी विषयगत शाखाहरुको सुझावहरु समेत सम्मिलित ऐ.ऐ. कार्यविधिको दफा ४ को उपदफा ६ अनुसार सम्क्षिप्त वातावरणीय अध्ययनको कार्यसूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

९) मिति २०८२ बैशाख २४ गतेका दिन बसेको राजस्व परामर्श समितिको प्रस्ताव तथा निर्णयमा छलफल गरियो र तपसिल बमोजिमको कार्यविधि निर्माणको लागि विधान समितिलाई निर्देशन दिने निर्णय गरियो।

क) भोटेकोशी गाउँपालिकाको व्यवसाय दर्ता खारेजी नवीकरण सम्बन्धी कार्यविधि

ख) तातोपानी धारा संचालन तथा व्यवस्थापन कार्यविधि

१०) चालु आ.व २०८१/०८२ मा उपभोक्तासँग सम्झौता भई निर्माण कार्य भई रहेका योजनाहरुको सम्झौताको म्याद नाघेको हुँदा त्यस्ता योजनाहरु सम्पन्न गराउन म्याद थपका लागि निवेदन प्राप्त भएको अवस्थामा योजनाको म्याद मिति २०८२ जेष्ठ २५ गते सम्मका लागि मात्र म्याद थप गर्ने निर्णय गरियो।



Scanned with CamScanner

११)यस गाउँपालकाले सरकारी काम कारवाहिलाई छिटो छरितो प्रभावकारी र प्रविधि मैत्री वनाउनका लागि विभिन्न आर्थिक वर्षमा खरिद गरेको विभिन्न प्रकारका सफ्टवेयरहरुका सम्वन्धमा सफ्टवेयर खरिद मात्र गरी सफ्टवेयर सञ्चालन नै नगरेको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी पेको सन्दर्भमा यस पालिकाले खरिद गरेको सफ्टवेयर मध्ये दर्ता चलानी सम्वन्धी सफ्टेयर मात्र सञ्चालनमा नरहेको हुँदा सो सफ्टवेयर पुन: संचालन गर्न सुरु सम्झौतामा उल्लेख भए अनुसारको Renew चार्ज सेवा र परामर्श खर्च शिर्षकबाट भुक्तानी गरि पुन: संचालनमा ल्याउने निर्णय गरियो ।

१२)क) यस भोटेकोशी गाउँपालिकाको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय तातोपानी धारामा नव निर्मित आधुनिक बाथटब सहितको भवनहरुको मिति २०८२ बैशाख ५ गतेका दिन माननीय परराष्ट्र मन्त्री डा. आरजु राणा देउवाको प्रमुख आतिथ्यतामा उद्घाटन तथा उक्त क्षेत्रको प्रचारप्रसार सम्पन्न भएको हुँदा उक्त कार्यक्रममा देहाय बमोजिमको शीर्षकमा भएको खर्च मिल्दोजुल्दो शिर्षकबाट भुक्तानी दिन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

| सिन | विवरण | इकाई | परिणाम | दर | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | यातायात खर्च | संख्या | १ | २००००० | २००००० |
| २ | रंगरोगन तथा सरसफाई | संख्या | १ | ४५००० | ४५००० |
| ३ | शिलालेख तयार | वर्ग फिट | १६ | ४००० | ६४००० |
| ४ | प्रचार प्रसार सामग्री तथा तुल व्यानर, मंच पोस्टर आदि | वर्ग फिट | ५९१ | १०७.३५ | ६३४४३.८५ |
| ६ | फोटो पोस्टर | संख्या | ५ | १००० | ५००० |
| ७ | खादा माला तथा अन्य खर्च | | | २९५४० | २९५४० |
| ८ | खाना खाजा बास तथा अतिथि सत्कार | जना | १५०० | | ८६१४०३ |
| ९ | आखि झ्याल सहित सम्मान पत्र | सख्या | ७ | ३१०० | २१७०० |
| १० | झाँकी खर्च | सङ्ख्या | | ५००० | ५००० |
| ११ | विविध खर्च | संख्या | | | २०००० |
| | **जम्मा** | | | | १३१५०८६.८५ |

Scanned with CamScanner

ख) लिस्तीकोट स्वास्थ्य चौकी उद्धाटन खर्च भुक्तानी सम्बन्धमा रु ५ (पाँच) लाख बराबरको रकम खर्च भएको विवरण प्राप्त भएकोले सो रकम व्यवस्थापन गर्ने सम्बन्धी छलफल गरियो।

ग) आ.व २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट अनुसार न्यायिक सम्मेलनको लागि विनियोजित बजेट रु १० लाख भएको र मिति २०८२/०१/२५ गते उक्त सम्मेलन सम्पन्न भई सो कार्यक्रममा भएको खर्च उक्त विनियोजित रकममा थप ३ लाख नपुग भएकोले न्यायिक समिति तर्फको मेलमिलाप कर्ता प्रशिक्षक उत्पादन कार्यक्रममा विनियोजित रु १० लाख र सामुदायिक केन्द्र अनुगमन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

१३) मिति २०८१/१२/२२ गतेको कार्यपालिका बैठकबाट आधारभूत अस्पतालको लागि पावर ब्याकअप जडान गर्न रु २ लाख ५० हजार विनियोजन भएको भएतापनि उक्त रकम अपुग भएकोले गा.पा चालु आधारभूत अस्पताल प्रशासन तथा संचालन खर्च औषधि समेत शिर्षकबाट रु २ लाख र नपुग रकम भोटेकोशी आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन, तातोपानी स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन तथा डाडागाउँ सामुदायिक स्वास्थ्य इकाई र त्याङथलि सामुदायिक स्वास्थ्य इकाईमा बिजुली बत्ति व्यवस्थापन शिर्षकमा रहेको रकमबाट खर्च गर्ने निर्णय गरियो।

१४) आ.व २०८१/०८२ को लघु उद्यम कार्यक्रम अन्तर्गतको स्वीकृत कार्यक्रम बमोजिम गलैचा बुनाई सम्बन्धी तालिम कार्यक्रमका लागि आवश्यक तपसिल बमोजिमको सामग्रीहरु खरिद गर्न सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ ख एवं भोटेकोशी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७८ को नियम १२ (१) (क) बमोजिमको प्रकृयाबाट खरिद गर्न देहाय बमोजिमको दररेट (अधिकतम प्रति परिमाण) अनुमोदन गर्ने निर्णय गरियो।

| क्रस | सामाग्री | दर रु (अधिकतम प्रति परिमाण) | कैफियत |
|---|---|---|---|
| १. | ठुलो थर्टी सेट(८/१०) | ९०,१०० | |
| २. | डबल थर्टी सेट(४/६) | ३०,००० | |
| ३. | सिंगल थर्टी सेट(४/५) | २५,४४५ | |
| ४. | कैची | १,०४५ | |

NIM

| | | | |
|---|---|---|---|
| ५. | छुरी | ६३० | |
| ६. | फलाम स्टेन | ४,०५० | |
| ७. | ठुवा | ६१५ | |
| ८. | पन्जा | १,००० | |
| ९. | रो काठ | ५२५ | |
| १०. | हुलु | ५३० | |
| ११. | खोपिन काठ | ६०० | |
| १२. | ने काठ | ५०० | |
| १३. | घिप्सी | १५०० | |
| १४. | बिम | २०४० | |

१५) भोटेकोशी गाउँपालिकाको हाल सम्म पनि क्षमता विकास योजना निर्माण नभएको र सो क्षमता विकास योजना निर्माण कार्यले समग्र गाउँपालिकाको स्थानीय क्षमता मुल्यांकनमा समेत टेवा पुर्याउने भएकोले क्षमता विकास योजना निर्माण कार्यको लागि सहमति दिने निर्णय गरियो ।

१६) भोटेकोशी गाउँपालिकाको हाल सम्म पनि आन्तरिक नियन्त्रण प्रणाली निर्माण नभएको र सो क्षमता विकास योजना निर्माण कार्यले समग्र गाउँपालिकाको स्थानीय क्षमता मुल्यांकनमा समेत टेवा पुर्याउने भएकोले भोटेकोशी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्माणको लागि सहमति दिने निर्णय गरियो ।

१७) कृषि विकास निर्देशनालय हेटौडा मिति २०८१/११/२८ गते प्रकाशित सूचना अनुसार यस भोटेकोशी गाउँपालिकाले समेत लागत साझेदारी गर्ने गरि कृषि बालि अन्तर्गत किवी खेति प्रवर्धन कार्यक्रम वडा नं १ छनौट गर्ने निर्णय गरियो ।

१८) विविध

क) यस गाउँकार्यपालिकाको कार्यलयमा कार्यरत न्यायिक सहजकर्ताको लागि प्रदेशबाट ६०% मात्र तलब भत्ता प्राप्त हुन आएकोले बाँकि नपुग चैत्र महिना देखिको तलब, चाडपर्व खर्च र पोशाक भत्ताको रकम गाउँपालिका करार सेवा शुल्क शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।



Scanned with CamScanner

ख) मिति २०८१/११/०२, च नं ४५ को फुल्पिङकट्टी प्रहरी चौकीको पत्र तथा मुचुल्का अनुसार भोटेकोशी गाउँपालिका वडा नं १ अन्तर्गत नाकढुंगा स्थित रहेको पाटी आगोलागीबाट पूर्ण क्षति भएकोले आवश्यक छानबिनको लागि वडा नं १ बस्ने चमेरे प्रधानले दिएको निवेदन अनुसार सिफारिस प्राप्त भएकोले उक्त पाटीको क्षतिको विवरण तयार गरि प्रतिवेदन पेश गर्न ३ सदस्यीय टोलि गठन गर्ने निर्णय गरियो।

- श्री साङ्बु लामा, वडा नं १ वडा अध्यक्ष - संयोजक
- श्री फुल्पिङकट्टी प्रहरी चौकी प्रतिनिधि - सदस्य
- श्री नगेन्द्र न्यौपाने, वडा प्राविधिक - सदस्य

ग) भोटेकोशी गाउँपालिकाको वडा नं ५ स्थित मार्मिङ सामुदायिक स्वास्थ्य इकाई निर्माणको लागि संघीय सरकारको शसर्त अनुदानमा रु ३७ लाख विनियोजन भएकोमा उक्त योजनाको नेपाल सरकार स्वास्थ्य मन्त्रालयको नर्म्स बमोजिम भवन निर्माण गर्न रु १ करोड ९९ लाख खर्च हुने भएकोले उक्त योजनाको बाँकि रकम आगामी आ.व मा अनिवार्य बजेट विनियोजन हुने गरि बहुवर्षीय योजना स्वरूप रु १ करोड ९९ लाख लागत स्वीकृत गरि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

घ) भोटेकोशी गाउँपालेका वडा नं १ अन्तर्गतको काङलाङ गुम्बा मर्मत गर्नुपर्ने भएको भनी वडा नं १ बाट सिफारिस प्राप्त भएको हुँदा उक्त गुम्बा मर्मतको लागि आवश्यक बजेट रु २ लाख ~~कन्टिन्जेन्सि~~बाट गर्ने निर्णय गरियो।

ङ) मिति २०८२ बैशाख ३ गते देखि ११ गते सम्म भएको तातोपानी धारा पुजाको लागि भएको खर्च व्यवस्थापनको लागि सिर्जनशील आमा समूह तातोपानी लाई अन्य संघ सस्था सहायता शिर्षकबाट २ लाख भुक्तानी दिने निर्णय गरियो।

च) भोटेकोशी गाउँपालिका वडा नं ३ बोक्चेन अन्तर्गतको सडक हिलोले गर्दा सवारी आवतजावतमा समस्या भएको भनि वडा नं ३ बाट सिफारिस प्राप्त भएको हुँदा उक्त सडक सोलीङको लागि बोक्चेन सडक सोलिङ निर्माण उपभोक्ता समिति मार्फत गर्ने गरि रु १ लाख ५० हजार कन्टिजेन्सिबाट भुक्तानि दिने निर्णय गरियो।



Scanned with CamScanner

छ) भोटेकोशी गाउँपालिका वडा नं ५ अन्तर्गतको महादेव आ.वि जोखिममा रहेकोले उक्त विद्यालयलाई संरक्षण गर्न टेवा पर्खाल बनाउन प्रकोप व्यवस्थापन कोष बाट रु १ लाख खर्च गर्ने निर्णय गरियो ।

ज) यस पालिकाको आ.व. २०८१/८२ को आन्तरिक स्रोतको रकम नहुन गई पालिकाको अनिवार्य दायित्वहरू पूरा गर्न कठिनाइ भएको अवस्थामा, हालसम्म प्राप्त राजश्व बाँडफाँडको रकमबाट तथा समानीकरण रकमबाट निम्नानुसारको शीर्षकमा आवश्यक खर्च विनियोजन गरी उपयोग गर्नुपर्ने आवश्यकता देखिएको हुँदा पालिका कार्यपालिकाको बैठकबाट देहाय बमोजिम निर्णय गरियो ।

- पालिकाको अनिवार्य दायित्वहरू पूरा गर्नका लागि आ.व. २०८१/०८२ मा प्राप्त राजश्व बाँडफाँड रकम तथा समानीकरण रकमबाट निम्नानुसार रकम विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

## रकमान्तर

आ.व. : २०८१/८२ रकमान्तर : कार्यक्रम संसोधन | रु. हजारमा

**घटाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२७५०६१०१ | वडा नं १ वडा कार्यालय भवन निर्माण | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,५२६.०० | |
| २ | ८०३२७५०६१०१ | तातोपानी धारा स्तरउन्नति | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,०००.०० | |
| ३ | ८०३२७५०६१०१ | डाक्लाङ धारापानी गुम्बा सडक स्तरउन्नति | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७३६.०० | |
| ४ | ८०३२७५०६१०१ | डाक्लाङ लिस्ती भैरवकुण्ड सडक स्तर उन्नति (समपुरक २०८१/०८२) | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७,७३९.५७ | |
| ५ | ८०३२७५०६१०१ | चाकु मार्मिङ सडक (वडा नं ५) | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १३,०००.०० | |
| ६ | ८०३२७५०६१०१ | डाक्लाङ लिस्ती भैरवकुण्ड सडक स्तरउन्नति | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १२,८३०.०२ | |
| ७ | ८०३२७५०६१०१ | झ्यालेभिर त्याङथली अन्थली सडक स्तरउन्नति | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,६००.०० | |
| ८ | ८०३२७५०६१०१ | सवारी साधन | 31121 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३९७.०० | |
| ९ | ८०३२७५०६१०१ | भोटेकोशी कबर्ड हल निर्माण | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ९,८६६.३७ | |
| १० | ८०३२७५०६१०१ | दुमीथाङ दुगुनागढी सडक स्तरउन्नती | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५,०००.०० | |
| ११ | ८०३२७५०६१०१ | पूँजीगत अनुसन्धान तथा परामर्श | 31172 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,२४५.५७ | |
| १२ | ८०३२७५०६१०१ | भैरवकुण्ड पर्यटन प्रवर्धन स्तर उन्नति | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ९,९११.५० | |
| | | | | | | | | ६८,८६०.०४ | |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२७५०६१०१ | वडा नं १ वडा कार्यालय भवन निर्माण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४,५२६.०० | |
| २ | ८०३२७५०६१०१ | तातोपानी धारा स्तरउन्नति | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,०००.०० | |
| ३ | ८०३२७५०६१०१ | डाक्लाङ धारापानी गुम्बा सडक स्तरउन्नति | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७३६.०० | |
| ४ | ८०३२७५०६१०१ | चाकु मार्मिङ सडक (वडा नं ५) | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १३,०००.०० | |
| ५ | ८०३२७५०६१०१ | डाक्लाङ लिस्ती भैरवकुण्ड सडक स्तरउन्नति | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १२,८३०.०२ | |
| ६ | ८०३२७५०६१०१ | झ्यालेभिर त्याङथली अन्थली सडक स्तरउन्नति | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,६००.०० | |
| ७ | ८०३२७५०६१०१ | डाक्लाङ लिस्ती भैरवकुण्ड सडक स्तर उन्नती (समपुरक २०८१/०८२) | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,७३९.५७ | |
| ८ | ८०३२७५०६१०१ | सवारी साधन | 31121 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३९७.०० | |
| ९ | ८०३२७५०६१०१ | भोटेकोशी कबर्ड हल निर्माण | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ९,८६६.३७ | |
| १० | ८०३२७५०६१०१ | दुमीथाङ दुगुनागढी सडक स्तरउन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,०००.०० | |
| ११ | ८०३२७५०६१०१ | पूँजीगत अनुसन्धान तथा परामर्श | 31172 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,२४५.५७ | |
| १२ | ८०३२७५०६१०१ | भैरवकुण्ड पर्यटन प्रवर्धन स्तर उन्नति | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ९,९११.५० | |
| | | | | | | | | ६८,८६०.०४ | |

**अक्षरेपी : रुपैयाँ अठ्सठ्ठी हजार आठ सय साठी पैसा चार मात्र।**

Scanned with CamScanner

गाउँ कार्यपालिकाको कार्यालय, [illegible]

**रकमान्तर**

आ.व. : २०८१/८२ रकमान्तर : कार्यक्रम संशोधन

रु. हजारमा

**घटाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२७५०६१०१ | पुनर्ताजगी कार्यक्रम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००.०० | |
| २ | ८०३२७५०६१०१ | कृषक तालिम कार्यक्रम | 22512 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ३ | ८०३२७५०६१०१ | भ्रमण खर्च पदाधिकारी कर्मचारी अध्ययन अवलोकन | 22612 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४००.०० | |
| ४ | ८०३२७५०६१०१ | सीप विकास तालिम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ६००.०० | |
| ५ | ८०३२७५०६१०१ | रैथाने बाली खेति प्रोत्साहनका लागी नगद अनुदान कार्यक्रम (कोदो,फापर) | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| ६ | ८०३२७५०६१०१ | बालबालिकाका लागि लागु औषध सम्बन्धि सचेतनामुलक कार्यक्रम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १५०.०० | |
| ७ | ८०३२७५०६१०१ | महिला संजाल परिचालन कक्षा संचालन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ८ | ८०३२७५०६१०१ | पशुपंन्छी तालिम | 22512 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| ९ | ८०३२७५०६१०१ | मेरो कित्ता प्रणाली सम्बन्धी तालिम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| १० | ८०३२७५०६१०१ | कोदारी भ्युप्वाईन्ट निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ११ | ८०३२७५०६१०१ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | 22512 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| १२ | ८०३२७५०६१०१ | उपभोक्ता समिति अभिमुखीकरण खर्च | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| १३ | ८०३२७५०६१०१ | बाल संजाल बैठक संचालन,बाल संजाल तथा सामाजिक विकास समिती सदस्यहरु सहित नमुना विद्यालय भ्रमण | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| | | | | | | | | ३,७५०.०० | |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२७५०६१०१ | अन्य संस्था सहायता | 25315 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| २ | ८०३२७५०६१०१ | तामाङ्ग गाउँ सामुदायिक भवन किचन निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ३ | ८०३२७५०६१०१ | मेशिनरी तथा औजार | 31122 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २५०.०० | |
| ४ | ८०३२७५०६१०१ | तातोपानि धारा उद्घाटन तथा प्रचार प्रसार कार्यक्रम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,३००.०० | |
| ५ | ८०३२७५०६१०१ | सवारी साधन मर्मत खर्च | 22213 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,०००.०० | |
| ६ | ८०३२७५०६१०१ | अन्य सेवा शुल्क | 22419 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| ७ | ८०३२७५०६१०१ | विविध खर्च | 22711 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| | | | | | | | | ३,७५०.०० | |

**अक्षरेपी : रुपैयाँ तिन हजार सात सय पचास मात्र।**

Scanned with CamScanner